PRUDENTIAL
INSURANCE CO.LTD.
प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड

Be safe...always

पत्र संख्या: ०७९/८०- १५०१

मिति: २०७९/१२/१७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
भद्रकाली प्लाजा, सिंहदरवार, काठमाण्डौं ।

विषय: **२१औं वार्षिक साधारण सभाको निर्णय विवरण पठाइएको बारे ।**

महोदय,

यस कम्पनीको मिति २०७९ साल चैत्र १६ गते सम्पन्न भएको २१औं वार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिकाको प्रतिलिपि तथा २१औं वार्षिक प्रतिवेदन जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

आनन्द खड्का
कम्पनी सचिव

Prudential Insurance Company Ltd. Kathmandu * 2059 *

संलग्न: उपरोक्त वमोजिम ।

Kamaladi Complex, Kamaladi, Kathmandu, Nepal
01-4212940, 4212941, 4212942
picl@prudential.com.np
www.prudential.com.np

## प्रुडेन्सियल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## एक्काईसौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिका (माइन्युट)

१. **वैधानिक सभा :**

यस प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.ब. २०७८/०७९ को वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (१) बमोजिम मिति २०७९ साल चैत्र १६ गते बिहीबार दिनको १२:३० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना प्रकाशित गरी निम्न लिखित मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, विषय सूची, उपस्थिति, गणपुरक संख्या, वैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, शेयरधनीहरुबाट राखिएका जिज्ञासा, सुझावहरुको सूचिकरण, प्रश्नोत्तर र सभाको निर्णयहरु समेतको काम कारवाहीको देहाय बमोजिम अभिलेख गरियो ।

२. **साधारण सभाको स्थान, मिति र समय:**

स्थान : दियालो लर्डस प्लाजा, बीरगञ्ज, पर्सा ।
मिति : २०७९ साल चैत्र १६ गते बिहीबार तद्नुसार ३० मार्च, २०२३ ।
समय : अपरान्हको १२:३० बजे प्रारम्भ भै दिनको २:०० बजे सम्पन्न ।

३. **साधारण सभा सम्बन्धी सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने स्थान, मिति र छलफल गर्ने बिषय सूची तथा साधारण सभा सम्बन्धी बिस्तृत विवरण सहितको सूचना राष्ट्रिय दैनिक आर्थिक अभियान दैनिकमा मिति २०७९/११/२४ र राष्ट्रिय दैनिक कारोबारमा मिति २०७९/१२/०६ मा प्रकाशित गरिएको थियो ।

४. **छलफलका बिषय सूची :**

**४.१. सामान्य प्रस्ताव:**

४.१.१ आ. व. २०७८/७९ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
४.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा-नोक्सान तथा आय व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
४.१.३ आर्थिक वर्ष २०७९/०८० का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४.१.४ संचालक समितिबाट प्रस्तावित रु. २०,७५,७५३/४३ नगद लाभांश पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)
४.१.५ संचालक समितिबाट समुह (क) र (ख) अन्तर्गत रिक्त दुइ संचालक पदको बांकी कार्यकालको लागि गरिएको नियुक्तिको अनुमोदन गर्ने ।

**४.२. विशेष प्रस्ताव :**

४.२.१ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ चुक्ता

Prudential Insurance Company Ltd. Kathmandu * 2059

पुंजीको ३.३२५% बोनस शेयर (कर बाहेक) पारित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।

४.२.२ कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूंजी रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ बाट बृद्धि गरी १ अर्ब २२ करोड ५५ लाख ८४ हजार १ सय ३४ रुपैयां कायम गर्ने सम्बन्धमा । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने,

४.२.३ विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।

४.२.४ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

४.३. विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री विशाल अग्रवाल | अध्यक्ष |
| २. | श्री अमित अग्रवाल | संचालक |
| ३. | श्री अर्पित अग्रवाल | संचालक (अनुपस्थित) |
| ४. | श्री बिबेक बिजुक्छे | संचालक (अनुपस्थित) |
| ५. | श्री शैलेश संघई | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ६. | श्री नमिता शर्मा | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ७. | डा. बिनोद आत्रेय | संचालक (विज्ञ) |

५.२ व्यवस्थापनको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री श्रवण रावल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री आनन्द खड्का | कम्पनी सचिव |
| ३. | श्री निरोज कोइराला | मुख्य प्रबन्धक- वित्त |

६. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | ८ | २,५७,४३२ | २.१७ |
| प्रोक्सीबाट | ९३ | ७,१२,७,३७६ | ६०.०९ |
| जम्मा प्रतिनिधित्व | १०१ | | |
| जम्मा शेयर संख्या | | ७३,८४,८०८ | ६२.२६ |

७. सभा संचालन तथा सभाको वैधानिकता:

७.१ सभाको संचालन:

Prudential Insurance Company Ltd. Kathmandu * 2059 *

Namita

सभामा सहभागी हुने शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, एवं आमन्त्रित गन्यमान्य व्यक्तिहरुलाई कम्पनीका तर्फबाट स्वागत तथा अभिवादन गर्दै मर्यादाक्रम अनुसार आशन ग्रहणका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले अनुरोध गर्नु भयो ।

७.२ **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम ४.३ अनुसार कम्पनीको एक्काईसौं वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ बमोजिम कम्पनीको कुल चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्नेमा ६२.२६ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १०१ जना शेयरधनीहरु उपस्थित भइसक्नु भएकोले कानूनत: सभामा गणपुरक संख्याको उपस्थिति भई सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले सभालाई जानकारी गराउनु भयो ।

८. **सभाको सभापतित्व:**

सभाको वैधानिकता घोषणा पश्चात् वार्षिक साधारणसभाको सभापतित्व गर्नका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द खड्काले संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । सो पश्चात अध्यक्ष श्री विशाल अग्रवालज्यूले सभाको सभापतित्व ग्रहण गरी सभाको विधिवत् उद्घाटन गर्नुभयो ।

९. **संचालक समितिका तर्फबाट एक्काईसौं बार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको पुर्व निर्धारित छलफलको बिषय नं. १ को प्रस्ताव अनुसार सभाको सभापतित्व गर्नु भएका संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूले संचालक समितिको तर्फबाट आ. व. २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. **छलफलका लागि आव्हान :**

आ. व. २०७८/७९ को एक्काईसौं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश भए पश्चात् उक्त प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित आ.ब. २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रवाह बिबरण उपर छलफल गर्न सभापतिको अनुमति लिई कम्पनी सचिवले सभामा उपस्थित इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

उपरोक्त सम्बन्धमा बैठकमा उपस्थित शेयरधनीहरुको कुनै पश्न एवं जिज्ञासा सभामा प्राप्त नभएकोले सञ्चालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूबाट कम्पनीले मिति २०७९/१२/०५ मा यस कम्पनी र आइएमई जनरल इन्स्योरेन्स लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतामा हस्ताक्षर भई यही २०७९ साल चैत्र २२ गते कम्पनीको विशेष साधारण सभा बोलाईएको र सो विशेष साधारण सभाबाट विशेष प्रस्ताव पारित भए पश्चात नियामक निकायबाट स्वीकृति लिई २०८० सालको बैशाख दोश्रो हप्ताबाट एकीकृत कारोवार गर्ने लक्ष्य रहेको कुराको सभामा जानकारी गराउनु भयो ।

Prudential Insurance Company Ltd. Kathmandu * 2059 *

११. सभाको निर्णयहरु :

११.१ **संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।**
संचालक समितिका तर्फबाट अध्यक्ष श्री विशाल अग्रवालज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

११.२ **कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आषाढ ३१, २०७९ को वासलात तथा आर्थिक बर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय बिबरणहरु सम्बन्धमा ।**
कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित भयो ।

११.३ **आर्थिक बर्ष २०७९/८० को लागि कम्पनीको लेखापरिक्षण गर्ने लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**
कम्पनीको आर्थिक बर्ष २०७९/८० को लेखापरिक्षणको लागि श्री के.जे. एण्ड एशोसियट्स (चार्टड एकाउन्टेन्टस्) लाई निम्न पारिश्रमिक दिने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र. सं. | शुल्क | २०७८/७९ (वार्षिक रु.) |
|---|---|---|
| १. | लेखापरिक्षण | २,१५,०००।०० |
| २. | कर लेखापरिक्षण | ५०,०००।०० |
| ३. | विस्तृत लेखापरिक्षण प्रतिवेदन | १७,५००।०० |
| ४. | दफा ७८ प्रमाणित शुल्क | १७,५००।०० |
| | **जम्मा** | ३,००,०००।०० |

११.४ **संचालक समितिबाट प्रस्तावित रु. २०,७५,७५३/४३ नगद लाभांश पारित गर्ने । (प्रस्तावित बोनस शेयर कर प्रयोजनार्थ)**
संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. २०,७५,७५३/४३- नगद लाभांश सर्वसम्मतीबाट पारित गरियो ।

११.५ **संचालक समितिबाट समूह (क) र (ख) अन्तर्गत रिक्त दुई संचालक पदको बांकी कार्यकालका लागि गरिएको नियूक्तीको अनूमोदन गर्ने ।**
सञ्चालक समितिबाट समूह (क) र (ख) अन्तर्गत नियुक्त हुनु भएका क्रमश: (क) अन्तर्गतका श्री बिबेक बिजुक्छेज्यू र (ख) अन्तर्गतकी श्री नमिता शर्माज्यूको नियुक्ती सर्वसम्मतीबाट अनुमोदन गरियो ।

११.६ **संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ चुक्ता पुंजीको ३.३२५% बोनस शेयर (कर बाहेक) पारित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।**
संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ चूक्ता पूंजीको ३.३२५ प्रतिशत बोनस शेयर (कर बाहेक) परित गर्ने र सो अनुकुल

Prudential Insurance Company Ltd. Kathmandu 2059

कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११.७ **कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूंजी रु. १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ बाट बृद्धि गरी १ अर्ब २२ करोड ५५ लाख ८४ हजार १ सय ३४ रुपैयां कायम गर्ने सम्बन्धमा । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने,**

कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी १ अर्ब १८ करोड ६१ लाख ४४ हजार ८ सय १९ बाट वृद्धि गरी रु. १ अर्ब २२ करोड ५५ लाख ८४ हजार १ सय ३४ रुपैयां पुरयाउने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११.८ **विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।**

विशेष प्रस्ताव नं. १ र २ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

११.९ **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका सभापति श्री विशाल अग्रवालज्यूले एक्काईसौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापूर्वक संचालन गर्न सहयोग पुऱ्याउनु भएका सञ्चालक समितिका सदस्यहरु, शेयरधनी महानुभावहरु, विशिष्ट अतिथि, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरुलाई धन्यवाद दिनु हुदै वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

Prudential Insurance Company Ltd. Kathmandu 2059

| | |
|---|---|
| ..................<br>आनन्द बाबु खड्का<br>(कम्पनी सचिव) | ..................<br>विशाल अग्रवाल<br>(अध्यक्ष) |